नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

(स्थानीयतह कर्मचारी प्रशासन शाखा)

४-००३१४
४-००२९९
४२००५०५

पत्र संख्याः २०७५/०७६
चलानी नं.: ४५०

मितिः २०७५/०४/३१

**विषयः कर्मचारी व्यवस्थापन सम्वन्धमा।**

श्री जिल्ला समन्वय समितिहरु सबै।

प्रस्तुत विषयमा स्थानीय तह र जिल्ला समन्वय समितिको दरवन्दी तेरिज पुनरावलोकन भई समायोजन नभए सम्म जिल्ला समन्वय समिति र स्थानीय तहहरुलाई कर्मचारी व्यवस्थापन सम्वन्धमा यस मन्त्रालयको (मन्त्रीस्तरीय) मिति २०७५/०४/३० गते देहाय अनुसार निर्णय भएकाले सोही बमोजिम गर्नु गराउन हुन अनुरोध छ ।

(१) साविक जिल्ला विकास समिति हाल जिल्ला समन्वय समितिमा कार्यरत सबै स्थायी कर्मचारीहरु (स्थानीय विकास कोष, जिल्ला विकास कोष जस्ता कोषहरुवाट नियुक्ति भएका समेत) लाई नेपाल सरकार मन्त्रिपरिषद् वाट स्वीकृत भएको स्थानीय तहको मिल्दो संगठन संरचनाको पदमा कामकाज गर्न खटाइएका कर्मचारीलाई तत् तत् तहमा नै निरन्तरता दिने र हाल सम्म पनि त्यस्ता कर्मचारी खटाउन बाँकी रहेको भए सोही जिल्ला भित्रका स्थानीय तहहरुमा खटाउन सबै जिल्ला समन्वय समितिलाई लेखी पठाउने।

(२) जिल्ला समन्वय समितिको स्वीकृत संगठन संरचना र दरवन्दी भित्र कर्मचारी खटाउँदा जिल्ला समन्वय अधिकारी, इन्जिनियर र लेखापाल बाहेक अन्य पदहरुमा दरवन्दी भन्दा बढी नहुने गरी मिल्दो रिक्त तह/पदमा देहाय अनुसार अर्को व्यवस्था नभएसम्मका लागि खटाउन सकिने छ ।जिल्ला समन्वय समितिले यस बमोजिम कर्मचारी खटाउने कार्य २०७५ भाद्र १५ गते भित्र सम्पन्न गरि यस मन्त्रालयमा जानकारी गराउन अनुरोध गर्ने

- शाखा अधिकृत,रा.प.तृतीय श्रेणीको पदको दरवन्दीमा साविकको जिल्ला विकास समिति तर्फको सातौं/ आठौं तहको स्थायी कर्मचारी भए खटाउन सकिने।
- नायब सुब्बा, रा.प.अनंकित प्रथम (प्रशासन)/अधिकृत छैटौं/सहायक पाँचौं तहको दरवन्दीमा तह मिल्ने साविकको जिल्ला विकास समितिको स्थायी कर्मचारी भए खटाउन सकिने ।

(३) सबै स्थानीयतहहरु(महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/ गाउँपालिका) मा नेपाल सरकार र जिल्ला समन्वय समितिवाट कामकाज गर्न खटाइएका सबै कर्मचारीहरुलाई समायोजन नभएसम्म अनिवार्य हाजिर गराई कामकाजमा लगाउन आवश्यक प्रवन्ध मिलाउने।

२
२०७५.५.१

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

(स्थानीयतह कर्मचारी प्रशासन शाखा)

☎ ४-००३१४ ४-००२९९ ४२००५०५

पत्र संख्या: २०७५/०७६

चलानी नं.: ४५०

---

(४) जिल्ला समन्वय समितिहरुले आ-आफ्नो जिल्ला भित्रका स्थानीय तहहरुमा कार्यरत रहेका कर्मचारीहरुको सेवा/समुह श्रेणी, पद/तह समेत खुल्ने गरी विवरण अध्यावधिक गर्ने र सोको जानकारी यस मन्त्रालयमा पठाउने ।

(गुणराज भट्टराई)
शाखा अधिकृत

<u>वोधार्थ:</u>

श्री महानगरपालिकाहरु सबै ।

श्री उपमहानगरपालिकाहरु सबै।

श्री नगरपालिकाहरु सबै।

श्री गाउँपालिकाहरु सबै।

श्री सूचना तथा विद्युतीय शासन शाखा : Website मा राखि दिनु हनु ।